श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (दोस्रो संशोधन) ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ मा संशोधन : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,—

(१) खण्ड (ङ) मा रहेको "दफा ३ बमोजिम घोषित" भन्ने शब्दहरू झिकिएका छन् ।

४८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः–

"(च) "वन्यजन्तु भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स), पंछी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पीसीज), भ्यागुता जाति (एम्फिबियन्स) र कीरा फटयाङ्ग्रा (इन्सेक्ट्स) लाई सम्झनुपर्छ र सो शब्दले फुल पार्ने जन्तुको फुल समेतलाई जनाउँछ ।"

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ मा "राष्ट्रिय निकुञ्जभित्र" भन्ने शब्दहरू प्रयोग भइरहेको ठाउँहरूमा ती शब्दहरूको सट्टा "राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र" भन्ने शब्दहरू राखिएका छन् र सोही दफामा रहेको "राष्ट्रिय निकुञ्जबाट" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा "राष्ट्रिय निकुञ्जभित्र" भन्ने शब्दहरू प्रयोग भरहेको ठाउँहरूमा ती शब्दहरूको सट्टा "राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ मा "राष्ट्रिय निकुञ्जभित्र" भन्ने शब्दहरू प्रयोग भइरहेको ठाउँहरूमा ती शब्दहरूको सट्टा "राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र" भन्ने शब्दहरू राखिएका छन् र सोही दफामा रहेको "राष्ट्रिय निकुञ्जको" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय निकुञ्ज वा आरक्षको" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० मा रहेको प्रतिबन्धात्मक वाक्याँशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर

(क) बौलाएको जङ्गली हात्ती, मानिस खान पल्किएको बाघ र नबाँच्ने किसिमले रोगग्रस्त भएका वा अङ्गभङ्ग भएका वन्यजन्तुलाई तोकिएको अधिकारीको आदेशले मार्न वा पक्रन सकिनेछ ।

(ख) वनक्षेत्रबाहिर आई मानिस वा घरपालुवा पशु पंक्षीलाई धेरै नोक्सान गर्ने वन्यजन्तुलाई मार्नु पर्ने ठहराएमा तोकिएको अधिकारीको आदेशले मार्न, पक्रन वा लखेट्न सकिनेछ ।"

७. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को,–

(१) उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

"(१) अनुज्ञापत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले वन्यजन्तुको शिकार गर्न पाउनेछैन ।

तर तोकिएको वन्यजन्तु शिकार गर्न अनुज्ञापत्र लिन पर्नेछैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (२) मा रहेको "अनुसूची २ मा उल्लेखित वन्यजन्तु वा पंक्षीमध्ये एक वा एकभन्दा बढी वन्यजन्तु वा पंक्षीको" भन्ने शब्दहरूको सट्टा "वन्यजन्तुको" भन्ने शब्द राखिएको छ ।

८. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ मा रहेको "राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र" भन्ने शब्दहरूको सट्टा राष्ट्रिय निकुञ्ज, आरक्ष वा अन्य वन्यजन्तु वासस्थानबाट" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनमा दफा १६क. थप : मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएको छः–

"१६क. वनपैदावार तथा अन्य सेवा उपलब्ध गराउन सकिने : राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र तोकिएको अधिकारीले तोकिएबमोजिमको दस्तुर लिई तोकिएको वनपैदावार वा अन्य सेवा उपलब्ध गराउन सक्नेछ ।"

१०. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः–

"१९. इजाजतपत्र नलिई आखेटोपहारको बिक्री वितरण वा व्यवसाय गर्न नपाइने :

(१) तोकिएको अधिकारीबाट इजाजतपत्र नलिई कुनै पनि व्यक्तिले आखेटोपहारको बिक्री वितरण गर्न वा कुनै किसिमले हक छाडी दिन वा आखेटोपहारसम्बन्धी कुनै व्यवसाय गर्न पाउनेछैन ।

(२) उप-दफा (१) बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिबाट खरीद गरेको वा हक हस्तान्तरण भई आफ्नो हक हुन आएको आखेटोपहार सम्बन्धित व्यक्तिले तोकिएको म्यादभित्र तोकिएको अधिकारीकहाँ दर्ता गराई स्वामित्वको निस्सा लिई राख्नु पर्नेछ ।"

११. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० मा रहेको "वन मन्त्रालयको" भन्ने शब्दहरूको सट्टा "वन तथा भू-संरक्षण मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छः–

"२५. पुरस्कार दिने : (१) गैंडा, बाघ वा कस्तुरी मृग मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने व्यक्तिलाई पाँच हजार रूपैयाँसम्म पुरस्कार दिन सकिनेछ ।

X56

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) गैह्रकानूनी तरीकाले कुनै आखेटोपहार राख्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने वा त्यस्तो व्यक्तिलाई पक्रने व्यक्तिलाई सो आखेटोपहार बरामद भई लिलाम बिक्री गरिएकोमा लिलाम बिक्री-बाट आएको मूल्यको पचास प्रतिशत वा वन्यजन्तुको संरक्षणको दृष्टिकोणले आखेटोपहार लिलाम बिक्री गर्न नहुने भएमा त्यस्तो आखेटोपहारको अवस्था, महत्व र परिमाण विचार गरी दश हजार रूपैयाँसम्म पुरस्कार दिन सकिनेछ ।

(३) उप-दफा (१) र (२) मा लेखिएदेखि बाहेक यस ऐन अन्तर्गत कसूर गरेको सुराक लगाई अभियुक्त पक्राउ गराई दिने व्यक्तिलाई एक हजार रूपैयाँसम्म पुरस्कार दिन सकिनेछ ।"

१३. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः—

"२६. दण्ड सजाय : (१) बिक्री गर्ने हेतुले गैरकानूनी तरीकाले गैंडाको खाग वा कस्तुरीको विना राख्ने, खरीद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने व्यक्तिलाई त्यस्तो खाग वा विनाको परिमाण अनुसार पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरीवाना वा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) पंक्षी बाहेक अन्य संरक्षित वन्यजन्तु शिकार गरी मारेमा वा घाइते बनाएमा पाँच हजार रूपैयाँदेखि पन्ध्र हजार रूपैयाँसम्म जरीवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष वा वन्यजन्तु आरक्षभित्र अनुज्ञापत्र नलिई पंक्षी र माछा बाहेक अन्य वन्यजन्तु शिकार गरी मारेमा वा घाइते बनाएमा एक हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरीवाना वा ६ महीनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) संरक्षित पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा पाँच सय रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरीवाना वा तीन महीनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष वा वन्यजन्तु आरक्षभित्र अनुज्ञापत्र नलिई संरक्षित पंक्षी बाहेक अन्य पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा दुई सय रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरीवाना वा तीन महीनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उप-दफा (१), (२), (३), (४) र (५) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी दश हजार रूपैयाँसम्म जरीवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।"

१४. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "बाघ" भन्ने शब्दपछि "कस्तुरी मृग" भन्ने शब्दहरू थपिएका छन् ।

१५. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर बरामद भएको शिकारी कुकुरलाई मुद्दा किनारा नहुँदै मुद्दा हेर्ने अधिकारीको आदेशले मार्न सकिनेछ ।"

१६. रूपान्तरः मूल ऐनमा "वन्यजन्तु, पंक्षी", "वन्यजन्तु वा पंक्षी", "वन्यजन्तु तथा पंक्षी" र "वन्यजन्तु र पंक्षी" भन्ने शब्दहरू प्रयोग भइरहेको ठाउँमा सो शब्दहरूको सट्टा "वन्यजन्तु" भन्ने शब्द राखिएको छ ।

१७. मूल ऐनको अनुसूची १ मा संशोधनः मूल ऐनको अनुसूची १ को सट्टा यसैसाथ संलग्न अनुसूची १ राखिएको छ ।

१८. खारेजीः मूल ऐनको दफा ७ र ८ तथा अनुसूची २ खारेज गरिएको छ ।

४५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– १

(नियम १० सित सम्बन्धित)

### संरक्षित वन्यजन्तुहरू

**स्तनधारी जन्तु (म्यामल्स)**

| | |
|---|---|
| आसामी रातो बाँदर | (मकाका आसामेन्सीस) |
| सालक | (म्यानिस क्रसिक डाटा र म्यानिस पेन्टाडक्टाइला) |
| हिसपिड खरायो | (क्याप्रोलागस हिसपिडस) |
| सोंस | (प्लाटालिस्टा ग्यान्जेटिका) |
| ब्वाँसो | (क्यानिस लुपस) |
| हिमाली रातो भालु | (असर्स अर्क्टस) |
| हाब्रे (रेड पाण्डा) | (आइलुरस फल्जेन्स) |
| लिङ्सा‌ङ | (प्राओनोडन पार्डिक्लर) |
| हुंडार | (हाइना हाइना) |
| चरी बाघ (लेपर्ड क्याट) | (फेलिस बेङ्गलेन्सिस) |
| लिंक्स | (फेलिस लिङ्क्स) |
| ध्वाँसे चितुवा | (निओफेलिस नेबुलोसा) |
| बाघ | (पान्थेरा टाइग्रिस) |
| हिउं चितुवा | (पान्थेरा अन्सिय) |
| जंगली हात्ती | (इलेफस माक्सिमस) |
| गेंडा | (राइनोसिरस युनिकर्निस) |
| सानो जातको बँदेल | (सस सल्भानस) |
| कस्तुरी मृग | (मस्चस मस्चिफेरस) |
| बाह्रसिंगा | (सरभस डुमासेलि) |
| गोंर वड्सन | (वस गोंरस) |
| योक नाक | (वस ग्रन्नियन्स) |
| अर्ना | (वुवालस वुवालिस) |
| नायन | (ओभिस आम्मन) |
| चिरू | (पान्थोलप्स हडसोनी) |
| कृष्णसार | (एन्टिलोप सर्विकार्पा) |
| चौका | (टेट्राकर्निस क्वाड्रिकर्निस) |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पंक्षी (एम्स)

| | |
|---|---|
| कालो स्टर्क | (सिकोनिया नाइग्रा) |
| सेतो स्टर्क | (सिकोनिया सिकोनिया) |
| सारस | (ग्रस ग्रस) |
| चीर | (क्यटि्एस वालिचाई) |
| डाँफे | (लोफोफोरस इम्पिजानस) |
| मोनाल | (ट्रागोनपान साटाइरा) |
| खर मुजूर | (थपोडोटिस बेङ्गालेन्सिस) |
| सानो खर मुजूर | (साइफि ओटाइड्स इन्डिका) |
| ठूलो धनेश | (बुसेरस वाइकर्निस) |

घस्रने जातका जन्तु (रेप्टायल्स)

| | |
|---|---|
| अजिङ्गर | (पाइथन स्पिसिज) |
| घडियाल गोही | (ग्याभियालिस ग्यान्जेटिक्स) |
| सुन गोहोरी | (भारानस फ्लामेसेन्स) |

आज्ञाले,

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३१।६।८।५

४४१

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।